# काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश

## मिति २०७९ फागुन २३ गते बसेको चौधौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. १. काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित जनहित मार्गको निर्माण कार्यको म्याद थप तथा बढी भेरिएशन स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय: काठमाडौं महानगरपालिका वडा नं. १६ जनहित मार्गस्थित सडक निर्माण कार्यको Revised Estimate रु. ५४,८७,३८२/५४ (३३.०९% बढी) भेरिएशन स्वीकृत गरी २०८० जेष्ठ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २. काठमाडौं महानगरपालिका वडा नं. २६ ठमेलस्थित सिंहसार्थ वाहु गरुड भगवान गुठीको भगवान वहाल परिसर भित्रको आगमघर निर्माण कार्यको लागि अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा

निर्णय: काठमाडौं महानगरपालिका २६ ठमेल स्थित सिंह सार्थवाहु गरुड भगवान गुठी अन्तर्गत भगवान वहाल भवन (आगंघर) निर्माणको लागि आ.व. २०७९/०८० मा रु. ३ करोड विनियोजन भएको रकम सम्झौता गराई प्रगतिको आधारमा दुई किस्तामा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३. काठमाडौं महानगरपालिका वडा नं. १७ स्थित शहरी स्वास्थ्य क्लिनिक निर्माण कार्यको म्याद थप सम्वन्धमा ।

निर्णय: काठमाडौं महानगरपालिका वडा नं. १७ भुडे गणेश, धोविचौर अर्न्तगत सामुदायिक शहरी स्वास्थ्य क्लिनिक भवन निर्माण कार्यको मिति २०७९/०५/३० गतेसम्म म्याद भएकोमा निर्माण कार्य सम्पन्न गर्न थप समय आवश्यक देखिएको हुँदा म्याद सकिएको मितिले एक वर्षको लागि म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४. काठमाडौं महानगरपालिका वातावरण व्यवस्थापन विभागबाट पेश भएको सफाइ कर्मचारीहरुलाई दिइने च्वाफी खर्च बृद्धि गर्ने सम्वन्धमा ।

निर्णय: सरफाईमा प्रत्यक्ष रुपमा कार्यरत रहेका कार्यालय सहयोगी (कुचिकार) हरुले च्वाफी खर्च वापत बार्षिक रु.९००। (नौ सय मात्र) पाउँदै आएकोमा चालु आ.व.मा रु.३००। (तीन सय मात्र) वृद्धि गरी प्रति कर्मचारीलाई रु.१२००। (एक हजार दुईसय मात्र) च्वाफी खर्च वापत सुविधा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५. पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम स्थानीय सेवाको पाँचौं तह वा सो सरहको प्राविधिक सहायक र रोजगार सहायक पदमा सेवा करारमा नियुक्ति दिने सम्वन्धमा ।

निर्णय: मापदण्ड, २०७८ को दफा ७ र दफा ८ बमोजिम तोकिएको सबै प्रकृया पुरा गरी अन्तिम योग्यताक्रमको सूचीबाट छनौट भएका मुख्य उम्मेदवार रतिश कुमार शाह (प्राविधिक सहायक) र लक्ष्मण बहादुर शाही (रोजगार सहायक) लाई सेवा, शर्त र सुबिधा समेत खुलाई अनुसूची ७ बमोजिम स्थानीय सेवाको पाँचौं तह वा सो सरहको तलव भत्ता पाउने गरी करार सम्झौता गरी अनुसूची ८ बमोजिमको सेवा करार पत्र सहित रोजगार सेवा केन्द्रमा कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६. काठमाडौँ महानगरपालिकाले जफत गरिएका सामानहरुको लिलामका लागि दर निर्धारण सम्वन्धमा ।

निर्णय: काठमाडौँ महानगरपालिकाद्धारा जफत गएिका बिभिन्न सामान मूल्याङ्कन तथा लिलाम समितिले सिफारिस गरेको लिलाम योग्य फलामजन्य, प्लाटिकजन्य, काठजन्य लगायत सामाग्रीहरुको कवाडी मूल्य रु ९,३४८,००।०५ (नौ लाख चौतीस हजार आठ सय रुपैया पाँच पैसा) मात्र त्यसैगरी जफत भएका कपडाजन्य सामानहरुको मूल्य रु १८,४३३,९९।५० (अठार लाख त्रिचालीस हजार तीन सय उनान्सय रुपैया पचास पैसा) मात्र गरी कूल जम्मा मूल्य रु २७,७८,१९९।५५ (अक्षरुपी सत्ताइस लाख अठहत्तर हजार एक सय उनान्सय रुपैया पचपन्न पैसा) मात्र न्यूनतम कायम गरी लिलाम प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७. काठमाडौँ महानगरपालिका सूचना विधेयक, २०७९ मस्यौदाका लागि सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

निर्णय : काठमाडौँ महानगरपालिका सूचना विधेयक, २०७९ मस्यौदाका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८. काठमाडौँ महानगरपालिका शिक्षा र स्वास्थ्य समितिबाट पेश हुन आएका तपशिल बमोजिमका कार्यविधिहरुलाई सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

क) कुकुरको बन्ध्याकरण तथा भ्याक्सिनेशन व्यवस्थापन समितिको कार्यविधि, २०७९,

ख) काठमाडौँ महानगरपालिका विद्यालय विज्ञान अन्वेषण केन्द्र सञ्चालन कार्यविधि, २०७९,

ग) काठमाडौँ महानगरपालिका केन्द्रिय विज्ञान प्रयोगशाला सञ्चालन कार्यविधि, २०७९,

घ) छोटो अवधिको सीपमुलक तालिम सञ्चालन सम्वन्धी कार्यविधि, २०७९

निर्णय : काठमाडौँ महानगरपालिका शिक्षा र स्वास्थ्य समितिबाट पेश हुन आएका (क) कुकुरको बन्ध्याकरण तथा भ्याक्सिनेशन व्यवस्थापन समितिको कार्यविधि, २०७९, (ख) काठमाडौँ महानगरपालिका विद्यालय विज्ञान अन्वेषण केन्द्र सञ्चालन कार्यविधि, २०७९, (ग) काठमाडौँ महानगरपालिका केन्द्रिय विज्ञान प्रयोगशाला सञ्चालन कार्यविधि, २०७९, (घ) छोटो अवधिको सीपमुलक तालिम सञ्चालन सम्वन्धी कार्यविधि, २०७९ मस्यौदा तयार गरी पेश गर्न विधायन समितिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९. एस.ई.ई. सहजकर्ताको पारिश्रमिक सम्वन्धमा ।

निर्णय : काठमाडौ महानगरपालिका अन्तर्गतका माध्यमिक तहका कक्षा १० सम्म सञ्चालन भएका ५९ वटा सामुदायिक विद्यालयहरुको एसइइ परीक्षाको नतिजा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा गई विषय शिक्षकसंग समन्वय गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न खटाइएका शिक्षण सहजकर्तालाई प्रतिदिन १५००।- का दरले पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १०. काठमाडौँ महानगरपालिका वडा नं २ लाजिम्पाटस्थित नील सरस्वती मन्दिर पुन निर्माण तथा कैलाशचौरस्थित सत्तल निर्माण कार्यको घटि भेरिएशन स्वीकृत गरी भुक्तानी उपलब्ध गराउने सम्वन्धमा ।

निर्णय: स्थानीय अवरोध उत्पन्न भई पाटी मर्मत कार्य हुन नसकेको र २ नं. वडा कार्यालयबाट उक्त मर्मत कार्य हाल गर्न नपर्ने सिफारीस प्राप्त भएको आधारमा उक्त मर्मत कार्य बाहेक अन्य निर्माण कार्य सम्पन्न गरी प्राविधिक कार्य सम्पन्न मूल्याङ्कन अनुसार कूल रु. ४३,६०,६७४।०१ (भ्याट र ओभरहेड सहित) को अन्तिम बिल तयार भएको, जुन रकम संझौता रकम भन्दा रु. २५,६४,५७८।३६ (भ्याट र ओभरहेड सहित) अर्थात् ३६.७६ प्रतिशतले घटी हुन आएकोले सो घटी भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११. दीर्घकालिन सोच सहितको Geo Spatial based आवधिक योजना तर्जुमा सम्बन्धमा ।

निर्णय : काठमाडौँ महानगरपालिकाले आ.व. २०७८।०७९ मा तयार भएको आवधिक योजनाको प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिई दीर्घकालिन सोच सहितको Geo Spatial based ५ वर्षे आवधिक योजना तयार गर्न शहरी योजना आयोगलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १२. आ.व. २०८०।०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमको नीतिगत आधार तयार गर्ने सम्बन्धमा ।**

निर्णय: आगामी आ.व. २०८०।०८१ को बजेट तर्जुमाको प्राथमिकता क्षेत्र, विषयगत क्षेत्र एवं नीतिगत आधार क्षेत्र तयार गरी १० दिनभित्र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्न उपप्रमुखको संयोजकत्वमा सवै विषयगत समितिका संयोजक, राजस्व विभाग तथा वित्त विभागका विभागीय प्रमुख र अन्य सम्वद्ध विभागीय प्रमुखहरुसंग बैठक बसी पेश गर्न शहरी योजना आयोगलाई जिम्मेवारी दिने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

क) सवारी दुर्घटना मर्मत क्षतिपुर्ति सम्वन्धमा ।

निर्णय : सवारी नं. B AA 4441 नम्बरको सवारी धनी श्री प्रशान्त थापालाई मर्मत कार्यको लागि कोटेशन अनुसार मु.अ.क. समेत रु. १०,२९,८७६।३५ (अक्षरेपी दश लाख उन्नतीस हजार आठ सय छयहत्तर रुपैंया पैसा पैतीस मात्र) मर्मत खर्च वापत क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

ग) काठमाडौं महानगरपालिका विपद व्यवस्थापन विभाग अन्तर्गत रहेको बारुण यन्त्रमा कम्पनी करारमा कार्यरत नगर प्रहरीहरुलाई अतिरिक्त भत्ता सम्वन्धमा ।

निर्णय: काठमाडौं महानगरपालिका महानगर प्रहरी बलबाट विपद् व्यवस्थापन विभाग अर्न्तगत रहेको बारुण यन्त्र कार्यालयमा खटिइ आएका ६ जना नगरी प्रहरी जवानहरुलाई आइपाई आएको मासिक पारिश्रमिको ५० प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराउन निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

घ) न्यायिक समिति राष्ट्रिय सम्मेलनको जानकारी सम्वन्धमा ।

निर्णय: सम्वत् २०७९ चैत्र १५ र १६ गते काठमाडौं महानगरपालिकाको आयोजनामा सम्पन्न भएको न्यायिक समिति राष्ट्रिय सम्मेलन अत्यन्त हौसलापूर्वक र उत्साहपूर्ण वातावरणमा सम्पन्न भयो । सम्मेलन सम्वन्धमा भएको नीतिगत व्यवस्थादेखि सम्पन्न भएको समग्र अवस्थाको सम्वन्धमा बिस्तृत जानकारी भयो । उक्त सम्मेलनबाट

काठमाडौं महानगरपालिकाको प्रतिष्ठामा बृद्धि भएको र न्यायिक समितिको महत्व राष्ट्रिय रुपमा नै उजागर भएको निष्कर्ष रह्यो ।

प्रस्ताव नं.१३. विविध

ङ) काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन विभागमा कार्यरत सब- इन्जिनियर (सहायक स्तर पाँचौ) भक्त लक्ष्मी महर्जनको बेतलवी अध्ययन विदा स्वीकृती सम्वन्धमा ।

निर्णय : सम्पदा तथा पर्यटन विभागमा कार्यरत सव-इन्जिनियर भक्त लक्ष्मी महर्जनले आफ्नो वृद्धि विकास र सम्पदा संरक्षण सम्बन्धी हासिल गर्ने ज्ञानले भविष्यमा विभागका कार्यहरुमा सघाउ पु-र्याउने देखिएकोले निजले माग गरेको दुई बर्षे स्नातकोतर तहको 'नेपाली इतिहास संस्कृति र पुरातत्व' विषयमा अध्ययनको लागि अध्ययन बिदा अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

च) काठमाडौं महानगरपालिका वडा नं. २९ कार्यालय भवनको संसोधित लागत र म्याद थप सम्वन्धमा ।

निर्णय : काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित वडा कार्यालय भवन निर्माण गर्ने सन्दर्भमा अनामनगर स्थित सि.नं. १०२-११४६-०१ कित्ता नं. ८ क्षेत्रफल ६१२.०० वर्ग मिटर नेपाल सरकारको नाममा दर्ता भएको जग्गामा वडा कार्यालय भवन निर्माणमा अपुग भएको रकम बजेट व्यवस्था हुन, २ वर्ष भन्दा बढी अवधि भएकोले मुल्य समायोजन गर्न र सम्वत् २०८१ साल आषाढ मसान्तसम्म म्याद थप गर्न एवं संशोधित लागत अनुमान अनुसारको बढी भेरिएशन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

छ) काठमाडौं महानगरपालिका वडा नं. ६ स्थित राधाकृष्ण सेवा संस्थाको नक्सापास दस्तुर मिनाहा सम्वन्धमा ।

निर्णय : काठमाडौं महानगरपालिका वडा नं. ६ सरस्वती नगर स्थित श्री राधाकृष्ण सेवा संस्थाको नाममा कायम रहेको कि.न. ५०४, ४६२, ४५९, ४५७, ४६१ र ३०५ को क्षे.फ.२६२.२५ व.मी. २-०-०-० जग्गामा रहेको भवनको नक्सा प्रमाणिकरण तथा अभिलेखन गर्न लाग्ने दस्तुर रु. २४,०६,०२६।२४ (अक्षेरुपी चौविस लाख छ हजार छब्बीस मात्र) मिनाह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

ज) हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडले बहालकर बापतको रकम ललितपुर महानगरपालिका वडा नं. ३ मा दाखिला गर्नुपर्नेमा भुलबस काठमाडौं महानगरपालिका वडा नं २२ को खातामा दाखिला भएकोले फिर्ता सम्वन्धमा ।

निर्णय: हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडले आन्तरिक प्रयोजनको लागि श्री हिमान्शु गोल्छाको नाममा कायम रहेको ललितपुर महानगरपालिका, वडा नं. ३ स्थित स्टरलिंग हाउजिङ्गको पेन्ट हाउस नं. १ र श्री हितेश गोल्छाको नाममा कायम रहेको ललितपुर महानगरपालिका, वडा नं. ३ स्थित स्टरलिंग हाउजिङ्गको फ्याल्ट नं. ७०२ भाडामा लिई प्रयोग गर्दै आइरहेको र उक्तको बहालकर ललितपुर महानगरपालिका, वडा नं. ३ मा दाखिला गर्नुपर्नेमा भुलबस काठमाडौं महानगरपालिका वडा नं. २२ को कार्यालयमा बुझाएको घर बहाल कर बापतको रकम रु. १०,५५,९९०।४० फिर्ता दिने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

झ) कर्णाली प्रदेश पर्यटकीय तथा सांस्कृतिक संरक्षण केन्द्रको सहयोग सम्वन्धमा ।

निर्णय : कालिकोट जिल्ला तिलागुफा नगरपालिका वडा नं. ७, स्वास्थ्य चौकी काप्रेलाई सहयोग स्वरुप १(एक) थान एम्बुलेन्स प्रकृया पुऱ्याई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१३. विविध

ट) काठमाडौं महानगरपालिका वडा नं. ५ स्थित सानो गौचरण जग्गा संरक्षण सम्वन्धमा ।

निर्णय: काठमाडौं महानगरपालिका वडा नं. ५ स्थित सानो गौचरण खेलकुद मैदान सानो गौचरण युवा क्लबले संचालन गरिरहेकोमा अब उप्रान्त काठमाडौं महानगरपालिका वडा नं. ५ बाट संरक्षण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।